फोन.नं. ०६५-५६०१९५/५६२२४१
E-mail: info.dctanahun@supremecourt.gov.np

# श्री तनहूँ जिल्ला अदालत
## दमौली, तनहूँ ।

पत्र संख्या:- ०७६।०७७
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति:-

मिति:- २०७६।०५।२६

## सूचना ! सूचना !! सूचना !!!

**विषय:- बालमनोविज्ञ वा बाल बिशेषज्ञ र समाजसेवीको रोष्टर सम्बन्धमा ।**

केन्द्रीय बाल न्याय समितिको सचिवालयको मिति २०७६।०४।२७ च.नं.७ को पत्रानुसार बालमनोविज्ञ वा बाल विशेषज्ञ र समाजसेवीलाई यस अदालतमा सूचिकृत गरी सोको जानकारी केन्द्रीय बाल न्याय समितिको सचिवालयमा पठाउनु पर्ने भएकोले बाल न्याय सम्पादन(कार्यविधी) नियमावली २०७६ को नियम १३ ले समाजसेवी र नियम १४ ले बाल मनोविज्ञ वा बाल विशेषज्ञको रुपमा कार्य गर्न देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस अदालतमा आफ्नो आवश्यक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी र नागरिकताको प्रतिलिपी सहित निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क. बालमनोविज्ञ वा बाल बिशेषज्ञ :-**

- ❖ मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- ❖ मान्यता प्रापत विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञानका सम्बन्धमा कम्तीमा २ (दुई) महिनाको तालिम प्राप्त गरेको, र
- ❖ फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

**ख. समाजसेवी :-**

- ❖ मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालविकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- ❖ मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा १ (एक) महिनाको तालिम प्राप्त गरेको, र
- ❖ फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

**निवेदनसाथ अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु :-**

- ❖ नागरिकता प्रमाण पत्रको प्रतिलिपी, र
- ❖ आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी ।